राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्चन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३२, अङ्क– ६, भदौ १२ गते शुक्रबार, २०८३ (28 August, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# भोटेकोशीमा भीषण बाढी

## अकल्पनीय मानवीय तथा आर्थिक-भौतिक क्षति; दर्जनौँ बजार, पुल र विद्युत् आयोजना ध्वस्त

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** तिब्बत तर्फबाट नेपाल-चीन सीमानाकामा अवस्थित रसुवागढी भन्सार नाका हुँदै बुधबार (भदौ १० गते) सवैभन्दा बढी रसुवा र नुवाकोट अनि धादिङ, चितवन, गोरखालगायतका जिल्लालाई गम्भीर रूपले प्रभावित तुल्याएर सम्भवतः नेपाली इतिहासकै सवभन्दा विनाशकारी बाढी आएको छ। बाढीले हजारौँ नागरिकलाई बेपत्ता गराएको छ भने सयौँको मृत्यु भएको छ र दर्जनभन्दा बढी स्थानीय बजारहरूलाई सिङ्गासिङ्गै बगाएर क्षतविक्षत र ध्वस्त तुल्याएको छ।

वर्षा समेत नभइरहेका बेला बिहान करिव पौने नौ बजेको समयमा अचानक आएको अकल्पनीय लेदोसहितको बाढी भोटेकोशीको माथिल्लो भागमा अवस्थित कुनै हिमताल फुटेर आएको हो वा कतै ठूलो हिमपहिरो गएका कारण आएको हो भन्ने तथ्य अझैसम्म पनि खुलिसकेको छैन। यो बाढी नेपाली क्षेत्रबाटै उत्पत्ति भएर तिब्बती भूभाग हुँदै नेपालतर्फ आएको हो वा कुनै तिब्बती भूभागमा उत्पत्ति भएर नेपालतर्फ आई भयानक विनाशलीला मच्चाएको हो भन्ने पनि स्पष्ट भइसकेको छैन।

बाढीका कारण हजारौँ भवन, दर्जनौँ, पुल, पचासौँ किलोमिटर सडक, दर्जनौँ विद्युत्गृह र आयोजनाहरू तथा चालु एवम् निर्माणाधीन दर्जनौँ विद्युत्गृहका सुरुङ (टनेल) सहित व्यापक भौतिक क्षति पुगेको प्रारम्भिक दृष्टिमै स्पष्ट भइसकेको छ। ठूलठूला व्यापारिक केन्द्र र बजारहरू भएको ठाउँमा असाध्यै तीव्र गतिमा अकस्मात आएको अकल्पनीय एवम् नागरिक अनुमानभन्दा धेरै ठूलो बाढीले कतिपयलाई कार्यरत अवस्थामै र कतिपयलाई भाग्दाभाग्दै बगाएको सयौँले देखेका र धेरै भिडियो फुटेज तथा तस्बिरहरू सार्वजनिक भएकाले निकै ठूलो र दर्दनाक किसिमले मानवीय क्षति

क्रमशः अन्तिम पृष्ठमा

# एकजुट भएर विपत्तिको सामना गर्न प्रचण्डको आग्रह

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले एकजुट भएर राष्ट्रिय संकटको सामना गर्न सवै राजनीतिक दल, सरकार, सम्बद्ध सरकारी निकाय र आमजनतामा आग्रह गरेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको आह्वानमा आयोजित सर्वदलीय बैठकमा बाल्दै संयोजक प्रचण्डले यस्तो आग्रह गरेका हुन्।

‘अहिले देश गम्भीर प्राकृतिक विपत्तिको सामना गरिरहेको छ। यस्तो अवस्थामा लामो बहस वा राजनीतिक आग्रह-पूर्वाग्रहमा अल्झिने होइन, सबै राजनीतिक शक्ति एक ठाउँमा उभिएर खोजी, उद्धार, राहतमा जुट्ने समय हो’- पूर्वप्रधानमन्त्री प्रचण्डले आग्रह गरे। तत्काल खोजी, उद्धार र राहतसँगै यस्ता विपत्तिको दीर्घकालीन जोखिम न्यूनीकरण र रोकथामका लागि वैज्ञानिक, प्राविधिक र नीतिगत अध्ययन गरेर राष्ट्रिय रणनीति बनाउनुपर्नेमा समेत उनले जोड दिए। ‘खोज, उद्धार, उपचार, राहत र पुनर्स्थापनाका लागि सरकार, राजनीतिक दल तथा सबै सरोकारवाला निकायबीच प्रभावकारी समन्वयका साथ साझा कार्ययोजना बनाएर अघि बढ्नुपर्छ,’ उनले भने- ‘यसका लागि सम्बन्धित छिमेकी मुलुकसँग तत्काल समन्वय गरी उपलब्ध सूचना तथा पूर्वसूचना संयन्त्रलाई प्रभावकारी रूपमा सक्रिय बनाउनुपर्छ।’ बुधबार बिहान रसुवास्थित भोटेकोशी हुँदै नुवाकोटस्थित त्रिशुली नदीमा आएको विनाशकारी बाढीका कारण उत्पन्न परिस्थितिको सामना गर्न सत्तापक्ष र विपक्षी नभनी एकजुट भएर लाग्नुपर्नेमा उनले जोड दिएका हुन्।

हिमाली क्षेत्रमा यस्ता विपत्तिको जोखिम र पूर्वसूचना प्रणालीलाई दीर्घकालीन रूपमा बलियो बनाउन नेपालले छिमेकी मुलुक र अन्तर्राष्ट्रिय समुदायसँग सहकार्य गर्नुपर्नेमा प्रचण्डको जोड छ। जलवायु परिवर्तनको असर भोगिरहेका हिमाली मुलुकका लागि जलवायु न्याय, क्षतिपूर्ति र अन्तर्राष्ट्रिय सहयोगको प्रश्नलाई सशक्त रूपमा उठाउनुपर्नेमा पनि जोड दिए। रास्वपा सभापति लामिछानेले बिहीबार बिहान ९ बजे सिंहदरबारमा बोलाएको सर्वदलीय बैठकमा विपक्षी दल नेकपाका संयोजक प्रचण्डले राष्ट्रिय विपत्तिका बेला सबै एकजुट हुनुपर्ने आग्रह गरेको बैठकपछि नेताहरूका धारणा उद्धृत गर्दै रास्वपाका प्रवक्ता जगदीश खरेलले सञ्चारकर्मीलाई जानकारी गराएका हुन्।

## कर्णालीका १३४ जना सम्पर्कविहीन

**काठमाडौं ।** भदौ १० गते बुधबार बिहान रसुवाको भोटेकोशी र नुवाकोटको त्रिशुली नदीमा आएको विनाशकारी बाढीमा परी कर्णाली प्रदेशका १३४ जना सम्पर्कविहीन बनेका छन्। रोजगारीको सिलसिलामा रसुवा, नुवाकोट तथा त्रिशुली क्षेत्र पुगेका १० जिल्लाका १३४ जना सम्पर्कविहीन बनेका

क्रमशः अन्तिम पृष्ठमा

# काङ्ग्रेस सभापति गगन थापालाई खुलापत्र

**समय सन्देश**

प्रा. डा. ऋषिकेशनारायण श्रेष्ठ

जय नेपाल !

जवाहरलाल नेहरूले आफ्नी १३ वर्षीया छोरी इन्दिरा गान्धीलाई जन्मदिनको अवसरमा जेलबाट एउटा प्रेरणादायी पत्र लेखेका थिए। भौतिक उपहार दिन नसके पनि उनले आफ्ना विचार, ज्ञान, अनुभव र जीवनदर्शनलाई नै छोरीका लागि अमूल्य उपहारका रूपमा दिएका थिए। उनले इन्दिरालाई छलफल र प्रश्न-उत्तरबाट सत्य खोज्नुपर्ने तथ्य सिकाउनुका साथै संसार धेरै विशाल छ, त्यसैले हामीले सबै कुरा जानेका छौँ भन्ने घमण्ड गर्नु हुँदैन; जीवनभर सिकिरहनुपर्छ भन्ने सन्देश दिएका थिए।

इतिहासबाट सिक्न, देश तथा समाजका समस्याप्रति संवेदनशील हुन, साहसी र निडर भएर सत्यको पक्षमा उभिन तथा आफूले गरेको काम खुला रूपमा समाजका अगाडि राख्न सक्ने हुनुपर्ने उनको शिक्षा थियो। छोटोमा भन्नुपर्दा, नेहरूको पत्रको मूल सन्देश थियो– ज्ञान खोज, प्रश्न गर, इतिहासबाट पाठ सिक, समाजका समस्याप्रति संवेदनशील बन र सत्य तथा पारदर्शिताको बाटोमा निडर भएर हिँड। आफ्नो जीवन देश र समाजको सेवामा समर्पित गर। अन्त्यमा उनले इन्दिरा भारतको सेवामा साहसी सैनिकजस्तै बन्ने आशा समेत व्यक्त गरेका थिए।

गगनजी, यही भावनाबाट प्रेरित भएर तपाईंलाई केही शब्द लेख्दैछु। म नेहरू त होइन, तपाईंलाई पत्र लेख्ने एउटा साधारण पत्रवाहक मात्र हुँ। तपाईं इन्दिरा गान्धी पनि होइन; तर भविष्यमा नेपालको नेतृत्व गर्ने सक्षम राजनेता बन्न सक्नुहुन्छ भन्ने

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरुका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३२, अङ्क- ६, भदौ १२ गते शुक्रबार, २०८३

## सम्पादकीय

# भोटेकोशी–त्रिशुलीको अकल्पनीय बाढी

अस्ति बुधबार नेपाल राष्ट्र र नेपाली जनताक निम्ति सम्भवतः इतिहासकै सवभन्दा दुःखद् अनिष्टका रूपमा आइलाग्यो। तिब्बततर्फबाट रसुवाढी नाका हुँदै भोटेकोशीमार्फत त्रिशुली नदीमा आएको, नेपाली नागरिकको अनुभूतिमा हालसम्मकै सवैभन्दा भीषण बाढीले सयौँ नागरिकको ज्यान लिनुका साथै हजारौँलाई बेपत्ता पारेको छ। भौतिक संरचना र धनसम्पत्तिमा यसले पुऱ्याएको क्षतिको हिसाबकिताब निकाल्न त अझै धेरै समय, परिश्रम र मेहनत पर्ने अवस्था छँदैछ।

बाढीले रसुवा र नुवाकोटमा धेरै ठूलो क्षति पुऱ्याएको छ। यसले धादिङ, चितवन, गोरखालगायतका जिल्लाहरूमा पनि व्यापक क्षति पुऱ्याएको छ। नेपाल-चीन भन्सार कार्यालय हुँदै राजधानीसहित देशभर आवतजावत गर्ने मुख्य मार्ग, त्यसैअनुरूपका बजार र बस्तीहरू, कार्यालयहरू, चलिरहेका र निर्माणाधीन अवस्थाका दर्जनौं विद्युत्गृहहरू, गोसाइँकुण्ड र मानसरोवरजस्ता पवित्र तीर्थस्थलहरूतर्फ जाँदै गरेका र त्यताबाट फर्कंदै गरेका हजारौं तीर्थयात्री तथा स्वदेशी-विदेशी पर्यटकहरू, स्थानीयबासीहरूसहित हजारौं नागरिक तथा संरचनाहरू यो बाढीको प्रत्यक्ष मारमा परेका छन्।

बाढी रसुवा पस्नासाथ त सूचना पाउने समेत अवस्था रहेन। तर, तल्लो तटीय क्षेत्रमा धेरथोर सूचना नै पाउँदा पनि कहाँसम्मका मान्छे भाग्ने र कति टाढासम्म भाग्ने भनेरै अनुमान गर्न नसकिने गरी धेरै ठूलो र असाध्यै बेगवान् बाढी आयो। यसले सिङ्गै मुलुकलाई स्तब्ध तुल्याएको छ।

# कांग्रेस सभापति गगन थापालाई...

विश्वासका साथ यो पत्र लेख्दैछु। विश्वको इतिहास हेर्दा–आज पनि संसारका विभिन्न ठाउँमा युद्ध र शक्ति-संघर्ष चलिरहेका छन्। रुस-युक्रेन युद्ध होस्, गाजामा भइरहेको विनाशकारी द्वन्द्व होस् वा इरानमा भइरहेको लडाइँ–यसका पछाडि भूगोल र सीमाको प्रश्न मात्र छैन; शक्ति, प्रभाव, सुरक्षा, स्रोत र राजनीतिक वर्चस्वका जटिल स्वार्थहरू पनि जोडिएका छन्। ठूला शक्तिहरू आफ्नो प्रभाव कायम राख्न कूटनीति, गठबन्धन, आर्थिक दबाब र विभिन्न रणनीति प्रयोग गर्छन्। त्यसैले राजनीतिमा दबाब, विरोध र शक्ति-संघर्ष नयाँ कुरा होइन।

युद्धमा जस्तै राजनीतिमा पनि परिस्थितिहरू क्षण-क्षणमा बदलिन्छन्। आजको परिस्थिति भोलि रहँदैन। सत्ता र शक्ति अस्थायी हुन्। आफ्नो विवेक, सिद्धान्त र जनताको विश्वासलाई आधार बनाएर अघि बढिरहनुपर्छ। इतिहासले कठिन समयमा लिएको अडान को सम्मान गर्दछ र नेतृत्वको सही मूल्याङ्कन पनि गर्दछ। नेपालको इतिहास हेर्दा राणाकालदेखि आजसम्म देशको शक्ति र सत्ता संघर्ष अनेकौं राजनीतिक खेल र षड्यन्त्रबाट प्रभावित हुँदै आएको देखिन्छ। यस क्रममा बाह्य शक्ति र तिनबाट प्रभावित स्वदेशी शक्तिहरूको भूमिकाबारे पनि समय-समयमा प्रश्न उठ्दै आएका छन्। देशभित्र पनि आफ्नो स्वार्थ पूरा गर्न अस्थिरता सिर्जना गर्ने कुनै अदृश्य शक्तिको भूमिका छ कि भन्ने आशंका समय-समयमा उठ्ने गरेको छ।

उदाहरणका रूपमा, नेपाली कांग्रेसको विशेष अधिवेशनले पार्टीभित्रका विषयलाई विधानअनुसार निरूपण गरी पार्टी अगाडि बढिरहेको अवस्थामा न्यायिक निरूपण भइसकेको विषयमा निस्सा आउनु; पूर्वसभापति विदेशबाट फर्किनु, उहाँको स्वागतमा जयजयकार गरिनु र त्यसको भोलिपल्ट झापामा पूर्वप्रधानमन्त्रीको पक्षमा उत्साहजनक सहभागिता देखिनुलाई गम्भीरतापूर्वक हेर्नुपर्ने देखिन्छ। भोलिको फैसला नेपाली कांग्रेसका पूर्वसभापतिको पक्षमा आएमा र राजनीतिक परिस्थिति अनुकूल बनेमा, पुराना राजनीतिक शक्तिहरूबीच सहकार्य हुँदै संसद् पुनर्स्थापनाको मुद्दा फेरि उठ्न सक्ने सम्भावनालाई पनि नकार्न सकिँदैन।

यसै सम्भावनालाई बल पुग्ने गरी जिम्मेवार राजनीतिक पक्षहरूबाट मध्यावधि निर्वाचनको कुरा उठ्नु, वर्तमान सरकारलाई असंवैधानिक भन्ने अभिव्यक्ति आउनु आगामी राजनीतिक घटनाक्रमप्रति थप सजग हुनुपर्ने अवस्था देखिन्छ।

गगनज्यू,

नेपालको राजनीतिमा "असम्भव" केही छैन भन्ने कुरा बुझिदिनुहोला। त्यसैले आजको उपलब्धि र जनताबाट प्राप्त जनादेशको रक्षा गर्न तपाईं अझ बढी सजग, संयमित र दृढ भएर अघि बढ्नु आवश्यक छ। देशमा अहिले 'सेटिङ'को संस्कार बलियो हुँदै गएको हो कि भन्ने आशंका पैदा हुने गरी विभिन्न राजनीतिक मुद्दा तथा आरोप लागेका व्यक्तिहरूले सहजै उन्मुक्ति पाइरहेको देखिन्छ। त्यसैगरी, न्यायालयबाट पछिल्ला दिनमा आएका कतिपय आदेश र निर्णयहरूले पनि गम्भीर प्रश्नहरू जन्माएका छन्। अभियुक्त वा आरोपितलाई पक्राउ नगर्नु, भ्रष्टाचारसम्बन्धी फाइल अघि नबढ्नु, सीमित सर्तसहित छाड्ने आदेश आउनु तथा करोडौं-अरबौं रूपैयाँ भ्रष्टाचारको दाबी गर्दै राज्यका संवैधानिक निकायले दायर गरेका मुद्दामा समेत अत्यन्त न्यून धरौटीमा छाडिने अवस्था देखिनुले न्याय र विधिको शासनप्रति जनस्तरमा थप प्रश्न र आशंका जन्माउन सक्छ।

यी घटनाक्रमलाई समग्र राजनीतिक परिस्थितिसँग जोडेर हेर्दा भोलिका सम्भावित राजनीतिक समीकरणबारे पनि थप प्रश्न उठ्नु स्वाभाविक हो। विदेशमा रहेका नेपाली कांग्रेसका पूर्वसभापतिलाई रेड कर्नर नोटिससमेत जारी भएको अवस्थामा नेपाल फर्काइएको घटनाले स्वाभाविक रूपमा धेरै प्रश्नहरू जन्माएको छ। केही स्वार्थ समूह वा राजनीतिक शक्तिको मिलेमतो र 'सेटिङ'मा उहाँलाई नेपाल भित्र्याइएको हो कि भन्ने चर्चा पनि सार्वजनिक रूपमा उठेको छ। अझ आश्चर्यको कुरा, नेपाल फर्किएको भोलिपल्टै सरकारप्रति उहाँबाट आएको कडा र चेतावनीपूर्ण अभिव्यक्तिले यी प्रश्नहरूलाई थप गम्भीर बनाएको छ।

राजनीतिमा, हिजोआफ्नो स्वार्थका लागि संरक्षण दिएर अगाडि बढाइएको शक्ति, भोलि आफ्नै लागि चुनौती बन्न सक्छ। त्यसैले गगनजी, यस्ता राजनीतिक खेल र सम्भावित समीकरणप्रति सजग रहनुहोस्; तर विचलित नहुनुहोस्। आफ्नो शक्ति लाई जनताको विश्वास, विधिको शासन र लोकतान्त्रिक मूल्यमा केन्द्रित गर्नुहोस्।

सभापतिज्यू,

एउटा कुरा याद दिलाउन चाहन्छु। जेन्जी विद्रोहको भदौ २३ र २४ गतेपछि देशमा सन्नाटा छाएको थियो। दल र नेताहरूको उपस्थिति लगभग शून्य अवस्थामा थियो। त्यस्तो कठिन समयमा, भदौ २६ गते देश जलिरहेको अवस्थामा तपाईंले सामाजिक सञ्जालमार्फत एउटा सकारात्मक सन्देश दिनुभएको थियो। त्यो सन्देश सुनेपछि मैले भदौ २७ गते आफ्नो फेसबुकमा एउटा स्टाटस लेखेको थिएँ–

"गगन थापा, तिमी विचलित नहोऊ, नथाक, नढल। तिमीमाथि जस्तोसुकै आरोप लागोस्, गालीको वर्षा होस्; जनतासँग हरेक दिन माफी माग्दै, बिन्ती गर्दै, सत्य-तथ्य बुझाउँदै, सबैको अस्तित्व र प्रतिष्ठाको रक्षा गर्दै, संविधानमा आमूल परिवर्तनका लागि भूमिका खेल्दै देश र संविधान बचाऊ। देशलाई अहिले तिम्रो सकारात्मक भूमिकाको आवश्यकता छ।"

आज पनि म त्यही भावनामा अडिग छु। परिस्थितिहरू बदलिएका छन्, तर देशलाई सकारात्मक, संयमित र जिम्मेवार नेतृत्वको आवश्यकता झन् बढेको छ। त्यसैगरी तपाईंले ट्र्याकभन्दा बाहिर गएको संवैधानिक प्रक्रियालाई निर्वाचनमार्फत सही दिशामा ल्याउन महत्वपूर्ण भूमिका खेल्नुभयो। आज जनताबाट निर्वाचित संसद् अस्तित्वमा आएको छ। अब जनताको मतबाट बनेको यो संसद्, लोकतान्त्रिक व्यवस्था र संवैधानिक उपलब्धिको रक्षा गर्ने जिम्मेवारी पनि तपाईंको काँधमा आएको छ।

सभापतिज्यू,

तपाईंले प्रतिपक्षको भूमिका पनि जिम्मेवारीपूर्वक र प्रभावकारी ढंगले निर्वाह गरिरहनुभएको छ। तपाईंले स्पष्ट रूपमा भन्दै आउनुभएको छ– "सरकारले विधि र विधानसम्मत काम गर्छ भने त्यहाँ हाम्रो पूर्ण समर्थन रहन्छ; तर जहाँ प्रजातन्त्र, संविधान र विधिको शासनविरुद्ध काम हुन्छ, त्यहाँ हाम्रो प्रश्न र खबरदारी जोडदार रूपमा उठ्छ।" यही नै जिम्मेवार, रचनात्मक र लोकतान्त्रिक प्रतिपक्षको वास्तविक चरित्र हो।

सरकारले गरेका हरेक राम्रा र जनहितकारी काममा तपाईंको साथ र समर्थन हुनुपर्छ, किनकि देशको सफलतामा प्रतिपक्ष पनि उत्तिकै भागीदार हुन्छ। उदाहरणका रूपमा, सुदूरपश्चिममा वर्षौंदेखि सञ्चालनमा आउन नसकेको दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालनमा आएको छ। त्यस्तै खुटिया-दिपायल-बझाङ हुँदै उरे भञ्ज्याङसम्म सडक निर्माणको ठेक्का प्रक्रिया पनि अघि बढेको छ। यस्ता सकारात्मक काममा प्रतिपक्षका रूपमा तपाईंको समर्थन र रचनात्मक भूमिका स्वाभाविक मात्र होइन, आवश्यक पनि छ। राम्रो कामको समर्थन गर्नु कमजोरी होइन; बरु त्यो जिम्मेवार र परिपक्व राजनीतिक संस्कारको परिचय हो। त्यसैले सरकारका जनहितकारी काममा साथ दिँदै, गलत काममा खबरदारी गर्ने सन्तुलित र रचनात्मक प्रतिपक्षको भूमिका तपाईंले अझ प्रभावकारी रूपमा निर्वाह गर्नुपर्छ।

हाम्रो समाजमा कसैलाई गाली गर्न भनियो भने घण्टौंसम्म गाली गर्न सक्ने मानिस धेरै भेटिन्छन्; तर त्यही व्यक्तिका बारेमा दुई मिनेट सकारात्मक कुरा गरिदिनुस् भन्यो भने सकारात्मक शब्द नै निस्किन्न। हालसालै नेपाली कांग्रेसको इतर पक्षको पार्टी प्यालेसमा आयोजित कार्यक्रममा केही जिम्मेवार नेताहरूले आफ्ना भाषणमा प्रयोग गरेका शब्दहरूले उहाँहरूको राजनीतिक स्तर र संस्कार आफैँ प्रस्ट्याएको देखिन्छ। राजनीतिमा असहमति र आलोचना स्वाभाविक हुन्, तर शब्दको छनोटले व्यक्तिको संस्कार, स्तर र राजनीतिक परिपक्वता झल्काउँछ। विरोध गर्न सकिन्छ, प्रश्न उठाउन सकिन्छ; तर मर्यादा र सम्मानको सीमा नाघ्नु कसैको हितमा हुँदैन।

गगन,

तपाईंको सकारात्मक बोली, वचन र भाषणले नै तपाईंप्रति जनताको सकारात्मक विश्वास निर्माण गर्छ। त्यसैले तपाईंका अग्रज नेताहरूले तपाईंप्रति जस्तोसुकै विषवमन गरे पनि उत्तेजित भएर उनीहरूकै तहमा ओर्लिएर गालीगलौज नगर्नुहोला, न त आफ्ना कार्यकर्तालाई त्यस्तो गर्न प्रोत्साहित गर्नु होला। असहमतिकाबीच पनि अग्रजहरूप्रति सम्मान कायम राख्नु तपाईंको राजनीतिक कर्तव्य हो। यही संयम, शालीनता र सम्मानले तपाईंको राजनीतिक संस्कार, परिपक्वता र नेतृत्वको उचाइ झल्काउनेछ।

सत्य, सत्य नै हुन्छ–चाहे बहुमतले त्यसलाई झुट भने पनि। गलत, गलत नै हुन्छ–चाहे बहुमतले त्यसलाई सही ठहऱ्याए पनि। तपाईं सत्यको पक्षमा हुनुहुन्छ भने कुनै पार्टी प्यालेसको भेलाले मात्र आधिकारिकताको प्रमाण दिँदैन, न त सडकमा जम्मा भएको कार्यकर्ताको भीडले नै जनमतको अन्तिम फैसला गर्छ। त्यसैले सानो-तिनो हुल, भीड वा नाराबाजी देखेर विचलित नहुनु। भीड सधैँ सत्यको प्रमाण हुँदैन; अन्ततः समय र इतिहासले नै सत्यको फैसला गर्छ।

# भदौ १० को रसुवा बाढी : नेकपाको आकस्मिक बैठकका १० निर्णय

**काठमाडौं।** भोटेकोशी र त्रिशुली नदीमा आएको विनासकारी बाढीले रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन र नवलपुरसहितका जिल्लामा पुऱ्याएको अकल्पनीय मानवीय तथा भौतिक क्षतिको समीक्षा गर्दै नेपाली कम्युनिस्ट पार्टीले १० बुँदे निर्णय गरेको छ।

नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बाढी आएकै दिन बुधबार केन्द्रीय कार्यालयमा बसेको केन्द्रीय कार्य संयोजन समितिको आकस्मिक बैठकले खोजी, उद्धार, राहत तथा पुनर्स्थापनाका कार्यलाई प्रभावकारी बनाउन १० बुँदे निर्णय पारित गरेको हो। बैठकले घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उनीहरूको सम्पूर्ण उपचार निःशुल्क र प्रभावकारी रूपमा गर्न सरकारसँग माग गरेको छ।

यस्तै, बाढी प्रभावित क्षेत्रमा सरकारी तथा गैरसरकारी निकायहरूसँग समन्वय गर्न र पार्टी पंक्ति तथा स्वयंसेवक परिचालन गर्न पार्टीले केन्द्रीय कार्य संयोजन समिति सदस्य एवं बागमती प्रदेश इन्चार्ज गंगालाल तुलाधरको संयोजकत्वमा 'केन्द्रीय खोज उद्धार राहत समन्वय समिति' गठन गरेको छ। सो समितिमा उपत्यका विशेष र संघीय सम्पर्क समन्वय समितिका इन्चार्ज र संयोजकहरू बागमती प्रदेश समिति संयोजक, प्रभावित जिल्लाहरू (रसुवा, नुवाकोट, धादिङ, चितवन, गोरखा र नवलपुर) का इन्चार्ज तथा संयोजकहरू, विपद व्यवस्थापन, स्वास्थ्य, जन-स्वयमसेवा विभागका प्रमुखहरू तथा महिला, युवा र विद्यार्थी संगठनका प्रमुखहरू रहेका छन्।

बाढीका कारण ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै मृतकका शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गरेको बैठकले घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरी उनीहरूलाई निःशुल्क र प्रभावकारी उपचारको व्यवस्था मिलाउन सरकारसँग माग गरेको छ। बेपत्ता व्यक्तिहरूको खोजीका लागि राज्यका सम्पूर्ण संयन्त्र, जनशक्ति र साधनस्रोत परिचालन गर्न तीनै तहका सरकार, सुरक्षा निकाय, जनप्रतिनिधि र नागरिक समाजलाई अपिल गर्दै विस्थापितहरूका लागि तत्काल अस्थायी बसोबास, आधारभूत राहत र मृतकका परिवारलाई आर्थिक सहायता उपलब्ध गराउन आग्रह गरिएको छ।

बैठकले प्रभावित क्षेत्रमा स्वास्थ्य, खानेपानी, बिजुली, यातायात र दूरसञ्चार जस्ता अत्यावश्यक सेवाहरू तत्काल पुनः सञ्चालन गर्न पनि सरकारको ध्यानाकर्षण गराएको छ। साथै उत्तरी सीमा क्षेत्रमा हिमताल फुट्ने र ग्लेसियर पग्लिने जोखिम बढेकाले दीर्घकालीन समाधानका लागि नेपाल-चीन द्विपक्षीय संयन्त्र सक्रिय बनाउन र कूटनीतिक पहल थाल्न सरकारलाई सुझाव दिएको छ। बाढी प्रभावित क्षेत्रमा सरकारी तथा गैरसरकारी निकायहरूसँग समन्वय गरी राहत तथा उद्धार कार्यलाई व्यवस्थित बनाउन पार्टीले केन्द्रीय कार्य संयोजन समिति सदस्य एवं बागमती प्रदेश इन्चार्ज गंगालाल तुलाधरको संयोजकत्वमा 'केन्द्रीय खोज उद्धार राहत समन्वय समिति' गठन गरेको छ। उक्त समितिमा उपत्यका विशेष, संघीय सम्पर्क समन्वय समिति, बागमती प्रदेश समिति, प्रभावित ६ जिल्लाका इन्चार्ज/संयोजकका साथै विपद, स्वास्थ्य, जन-स्वयंसेवा विभाग र जनवर्गीय संगठनका प्रमुखहरू रहेका छन्।

पार्टीको आकस्मिक बैठकपछि प्रवक्ता प्रकाश ज्वालाले जारी गरेको वक्तव्यमा पार्टीका सम्पूर्ण नेता, कार्यकर्ता, जनप्रतिनिधि तथा जनवर्गीय संगठनहरूलाई प्रभावित क्षेत्रमा तत्काल खटिएर खोज, उद्धार र राहतमा जुट्न विशेष निर्देशन दिइएको छ।

# कमरेड चे : जब करुणाले बन्दुक देख्छ

सन् १९५२ । पेरुको साम्पाब्लो कुष्ठरोग आश्रम । अमेजन नदीले छुट्याएको त्यो आश्रममा चिकित्सक र कर्मचारीहरू एकातिर र उपचाररत बिरामीहरू अर्कोतिर बस्थे । कुष्ठरोग सर्ने जोखिम अत्यन्त न्यून भए पनि बिरामीलाई छुँदा पन्जा लगाउने चलन थियो । तेइस वर्षे अर्जेन्टिनी चिकित्साशास्त्रका विद्यार्थी अर्नेस्टो चे ग्वेभाराले भने पन्जा लगाएनन् । उनले बिरामीहरूसँग हात मिलाए, कुरा गरे, उनीहरूसँग फुटबल खेले ।

पछि उनले सम्झिए, बिरामीलाई अरू मानिसलाई जस्तै व्यवहार गर्दा त्यसको मनोवैज्ञानिक प्रभाव ठूलो थियो । आश्रमको बसाइको अन्त्यतिर उनको २४औँ जन्मदिन आयो । चिकित्सक र कर्मचारीहरू उनको जन्मदिन मनाइरहेका बेला उनी अमेजनको अर्को किनारामा रहेका बिरामीहरूसम्म पुग्न नदी पौडेर गए । करिब चार किलोमिटर चौडा पानीको त्यो दूरी केवल नदी पार गर्नु थिएन; आफू र अरूबीच खडा गरिएको एउटा सामाजिक दूरी पनि पार गर्नुजस्तै थियो ।

त्यतिबेला उनी क्रान्तिकारी थिएनन् । उनी चिकित्साशास्त्रका विद्यार्थी थिए । तर, अरूको पीडालाई टाढाबाट हेरेर बस्न नसक्ने एउटा बेचैनी उनीभित्र बढ्दै थियो । यही बेचैनीले केही वर्षपछि रोगलाई शरीरभित्र मात्र होइन, समाजभित्र पनि खोज्न थाल्यो । चेले पछि लेखे, 'साँचो क्रान्तिकारी ठूलो प्रेमबाट निर्देशित हुन्छ ।' उनका लागि त्यो प्रेम, भावनामा रोकिने शब्दजाल थिएन । जीवित मानवताप्रतिको प्रेम 'ठोस कर्म'मा बदलिनुपर्छ भन्ने आग्रह थियो । करुणा उनका लागि सहानुभूतिको अन्तिम बिन्दु थिएन । पीडा देखेपछि त्यहाँबाट अघि बढ्नुपर्ने जिम्मेवारी थियो ।

सन् १९५१ को अन्त्यतिर उनका पुराना मित्र अल्बर्तो ग्रानाडोसँग उनी मोटरसाइकल यात्रामा निस्किए । ग्रानाडो जीवरसायनशास्त्री ( द्यष्यअजभक्कत) थिए र चिकित्सा तथा कुष्ठरोग उपचारमा रुचि राख्थे । 'ला पोदेरोसा' नाम दिइएको पुरानो नोर्टन मोटरसाइकलमा सुरु भएको यात्रा चिली, पेरु, कोलम्बिया हुँदै भेनेजुएलासम्म पुग्यो । बाटोमा उनीहरूले खानी मजदुर, भूमिबाट विस्थापित आदिवासी र अभावमा बाँचिरहेका मानिसहरू देखे । चिलीको चुकिकामाता खानीमा सिलिकोसिसबाट पीडित मजदुरहरू र उनीहरूको कठोर श्रम जीवनले उनलाई विशेष रूपमा छोयो ।

चेलाई अब रोग केवल शरीरमा देखिन छाडेको थियो । मानिसलाई रोगी बनाउने जीवन, श्रम र सत्ताको सम्बन्ध पनि उनको आँखामा छर्लङ्ग हुन थालेको थियो । ग्वाटेमालाले त्यो दृष्टिलाई अर्को मोड दियो । राष्ट्रपति हाकोबो आर्बेन्जले भूमिहीन किसानलाई जमिन उपलब्ध गराउने उद्देश्यले कृषि सुधार अघि बढाएका थिए । त्यसले ठूला जमिन्दार र युनाइटेड फ्रुट कम्पनीको हितमा समेत धक्का दिएको थियो । सन् १९५४ मा अमेरिकी समर्थन र सीआईएको भूमिकासहितको सैन्य हस्तक्षेपले आर्बेन्ज सरकार ढाल्यो र सुधार उल्टाइयो ।

ग्वाटेमालामा चेले एउटा कठोर कुरा देखे । पीडित मानिसको घाउमा मलम लगाएर मात्र पुग्दो रहेनछ । यदि पीडा कुनै सामाजिक संरचनाबाट पैदा भइरहेको छ भने, करुणाले अन्ततः त्यही संरचनातिर पनि हेर्नुपर्ने रहेछ । त्यसपछि करुणाले आफ्नो साधन खोज्न थाल्यो ।

**जन सरोकार**

डा. चूडाप्रसाद ढकाल

**सन् २०१९ मै प्रचण्डले पार्टी नेतृत्वमा आत्मकेन्द्रित र व्यक्तिवादी प्रवृत्ति बढेको, वैचारिक तथा नैतिक चरित्र कमजोर भएको र जनताको आवश्यकताभन्दा आफ्नै आवश्यकतालाई महत्त्व दिने प्रवृत्ति देखिएको बताएका थिए । त्यस क्षणमा थबाङमा उभिएका चे अझ नजिक आउँछन् । जुन आन्दोलनले पीडित मानिसको पक्षमा परिवर्तनको भाषा बोल्यो, उसैले आफ्नो यात्रालाई सम्झँदा फेरि त्यही मानिसतिर फर्कनुपर्ने हुन्छ ।**

मेक्सिकोमा सन् १९५५ मा राउल क्यास्ट्रोमार्फत फिडेल क्यास्ट्रोसँग चेको भेट भयो । राजनीतिक छलफलपछि चे क्युबा जाने अभियानमा सहभागी भए । सन् १९५६ मा 'ग्रान्मा' जहाजबाट उनी क्युबा पुगे । सिएरा मास्ट्राको गुरिल्ला युद्ध हुँदै सान्ता क्लारासम्म आइपुग्दा विद्रोहीहरूले बातिस्ता शासनको ठूलो सैन्य बललाई पराजित गरे । करुणाले अब बन्दुक देखिसकेको थियो । चेको आँखामा बन्दुक आफैँ लक्ष्य थिएन, समाज बदल्ने साधन थियो । तर बन्दुक अन्तिम सत्य पनि थिएन ।

क्युबाको सत्ता हातमा आएपछि चे बैंकको अध्यक्ष बने, उद्योगमन्त्री बने । आर्थिक संरचना बदल्ने कामसँगै मानिसको चेतना बदल्ने प्रश्न पनि उनको चिन्ताको केन्द्रमा रह्यो । सन् १९६१ को क्युबाली साक्षरता अभियानमा सात लाखभन्दा बढी वयस्कले पढ्न-लेख्न सिके र साक्षरता दर करिब ९६ प्रतिशत पुग्यो । त्यसैले उनका लागि समाजवाद केवल नयाँ आर्थिक सम्बन्ध बनाउने परियोजना थिएन । नयाँ समाजसँगै नयाँ मानिस पनि चाहिन्थ्यो । उनले लेखे, 'नयाँ भौतिक आधार निर्माणसँगै नयाँ मानिस निर्माण गर्नुपर्छ ।' मार्क्सवादलाई पनि उनले तयार सूत्रका रूपमा हेरेनन् । सन् १९६१ को एक अन्तर्वार्तामा चेले मार्क्सवादलाई विकासशील विज्ञानसँग तुलना गर्दै भने, 'हाम्रो विशेषता क्युबा हो ।' अरूले गरेको कुरा दोहोर्‍याउनु होइन, आफ्नै ऐतिहासिक परिस्थितिमा विचारलाई जाँच्नु उनको लक्ष्य थियो ।

यसरी बन्दुक पनि उनका लागि लक्ष्यबाट साधनमा झर्‍यो । तर साधन जति शक्तिशाली हुन्छ, त्यसलाई समातेको हातको परीक्षा पनि त्यति नै ठूलो हुन्छ । करुणाले बन्दुकलाई परिवर्तनको माध्यम बनाउँदा प्रश्न केवल कसलाई पराजित गर्ने भन्ने हुँदैन; परिवर्तनपछि मानिस र समाज कस्तो बनाउने भन्ने प्रश्न पनि त्यससँग जोडिएर आउँछ । यही प्रश्नको कठोर दृश्य ला काबान्यामा देखिन्छ । सन् १९५९ मा त्यस कारागारको जिम्मेवारी सम्हाल्दा चे क्रान्तिपछि पक्राउ परेकाहरूका मुद्दा र मृत्युदण्डसम्बन्धी निर्णय प्रक्रियामा संलग्न भए । त्यहाँ भएका मृत्युदण्डको सङ्ख्याबारे स्रोतहरूमा फरक आँकडा छन्, तर उनको प्रत्यक्ष जिम्मेवारी र संलग्नता विवादरहित ऐतिहासिक तथ्य हो ।

साम्पाब्लोमा पन्जा नलगाई बिरामीको हात समात्ने युवक नै केही वर्षपछि क्रान्तिको नाममा राज्यको कठोर निर्णयमा उभिएको थियो । तर चेको आफ्नै शब्दमा यी दुई कुरा एकअर्काबाट अलग थिएनन् । साँचो क्रान्तिकारी ठूलो प्रेमबाट निर्देशित हुनुपर्छ, तर उसले भावुकता मात्र होइन, 'कठोर बुद्धि' पनि बोक्नुपर्छ र आवश्यक परे पीडादायी निर्णयबाट पछि हट्नु हुँदैन । त्यसैगरी उनले मानवता, न्याय र सत्यको पर्याप्त मात्रा नभए क्रान्तिकारी चेतना कट्टरतामा फस्न सक्ने चेतावनी पनि दिए । त्यसैले ला काबान्यालाई चेको करुणाबाट विचलनको छुट्टै कथा बनाइहनु पर्दैन । करुणा कर्ममा बदलिएको थियो, कर्मले परिवर्तनको साधन खोजेको थियो र बन्दुक त्यही साधन बनेको थियो । ला काबान्या त्यही साधनले हातमा ल्याएको शक्तिले करुणालाई कति टाढासम्म बोक्न सक्छ भन्ने कठोर ऐतिहासिक परीक्षा बन्यो ।

चेको कथा यतिमै टुङ्गिँदैन । त्यो कथा टाढा नेपालसम्म आइपुग्दा आफ्नै पुरानो प्रतिध्वनि सुनिन्छ । रोल्पा-रुकुमका भित्तामा जनयुद्धका बेला मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन, माओ र प्रचण्डका नाम र चित्रहरू देखिन्थे । थबाङमा पछि चेको छवि पनि थपियो, 'निरन्तर क्रान्ति'को प्रतीकका रूपमा । तर, थबाङको भित्तामा आइपुगेपछि चे अब केवल क्युबाको इतिहासमा सीमित हुँदैनन् । नेपालले आफ्नै यात्रालाई नियाल्न उनको बिम्बलाई प्रयोग गरिरहेझैँ देखिन्थ्यो । जनयुद्ध पनि पीडा, असमानता र परिवर्तनको आकाङ्क्षाबाट उठेको थियो । मानिसको दुःखलाई राजनीतिक परिवर्तनले निमिट्यान्न पार्ने दाबी थियो । पछि त्यही आन्दोलन सङ्गठन बन्यो, सत्ता बन्यो र सत्तासँगै मानिसबाट दूरीको प्रश्न पनि उठ्यो ।

सन् २०१९ मै पुष्पकमल दाहाल 'प्रचण्ड' ले पार्टी नेतृत्वमा आत्मकेन्द्रित र व्यक्तिवादी प्रवृत्ति बढेको, वैचारिक तथा नैतिक चरित्र कमजोर भएको र जनताको आवश्यकताभन्दा आफ्नै आवश्यकतालाई महत्व दिने प्रवृत्ति देखिएको बताएका थिए । त्यस क्षणमा थबाङमा उभिएका चे अझ नजिक आउँछन् । जुन आन्दोलनले पीडित मानिसको पक्षमा परिवर्तनको भाषा बोल्यो, उसैले आफ्नो यात्रालाई सम्झँदा फेरि त्यही मानिसतिर फर्कनुपर्ने हुन्छ । चेको जीवनमा करुणाले पहिले पीडा देख्यो, त्यसपछि पीडाको संरचना देख्यो, त्यसलाई बदल्न बन्दुक समायो । सत्ता पाएपछि मानिसको चेतना बदल्ने प्रयास गर्‍यो । नेपालको आफ्नै राजनीतिक यात्रामा पनि यी शब्दहरू कहिल्यै अपरिचित थिएनन् । ती शब्दहरू आज कति जीवित छन् ?

चेको तस्बिर केवल डाक्टरको तस्बिर होइन, केवल गुरिल्लाको पनि होइन, केवल मन्त्री वा लेखकको पनि होइन । यी सबै तस्बिरभित्र एउटै मानिस देखिन्छ, जसले एकपटक अरूको पीडा नजिकबाट देख्यो र त्यसपछि पहिलेझैँ टाढै बसेर हेर्न सकेन । त्यसपछि चेको तस्बिर हेर्दा प्रश्न बन्दुकतिर होइन, त्यो बन्दुक समात्नुअघि पीडा छोएको हाततिर फर्किन्छ । कमरेड चे, जब करुणाले बन्दुकको अपरिहार्यता देख्छ, परिवर्तन अवश्यम्भावी हुन्छ । (*रातोपाटी*बाट)




# भोटेकोशी बाढी : कुन जिल्लाका कति सम्पर्कविहीन ?

**महोत्तरीका १० जना सम्पर्कविहीन**

**काठमाडौं ।** भोटेकोशीमा भदौ १० गते आएको विध्वंशकारी बाढीले यतिबेला मुलुकलाई शोकमा डुबाएर गएको छ । भोटेकोशीको बाढीको मुख्य प्रभाव रसुवा र नुवाकोटमा परे पनि जागिर, रोजगारी र व्यापारको सिलसिलामा देशभरबाट त्यहाँ बसोबास गर्दै आएका मानिसहरू बाढीपछि सम्पर्कविहीन बनेपछि देशै आँशुमा डुबेको हो ।

बाढीका कारण कैलाली, पर्सा, बाँके, रोल्पा, बागलुङ, काभ्रे, रामेछाप, सिन्धुपाल्चोक, खोटाङ, गुल्मी, बाजुरा, धादिङ, जुम्ला, सप्तरी, बारालगायत हिमाल, पहाडदेखि तराईसम्मका जिल्लाका मानिस सम्पर्कविहीन भएका खबरहरू सार्वजनिक हुँदै गर्दा मुलुक नै शोकमा परेको छ ।

यस्तै कास्की, मकवानपुर, बर्दिया, कञ्चनपुर डडेल्धुरा र बैतडीका नागरिक समेत सम्पर्कविहीन बनेका छन् । सम्पर्कविहीन व्यक्तिका आफन्तले दिएको विवरणअनुसार धेरैजसो हाइड्रोमा काम गर्ने मजदुर, नेपाली सेना, नेपाल प्रहरी, भन्सार र वन कर्मचारीलगायत त्यस क्षेत्रमा पेशा व्यवसाय गर्ने तथा स्थानीयहरू रहेका छन् ।

उक्त बाढीसँगै रसुवाका विभिन्न विद्युत उत्पादन केन्द्रमा कार्यरत र काम विशेषले त्यता गएकाहरू महोत्तरीका १० जना सम्पर्कविहीन भएका छन् । महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले सम्पर्कविहीनको अवस्था यकिन गर्न प्रयत्न भइरहेको जानकारी दिए ।

बर्दिबास-३ का सौभाग्य बिष्ट, बर्दिबास-९ की जोया राना मगर, पिपरा-३ का विकास यादव, औरही-३ का सचिनकुमार यादव, गौशाला-९ का विजय थापामगर, लोहारपट्टि-७ का युवाराज पाण्डे र गौशाला-८ बेलगाछीका शीतल लुङ्गेली, निजकी पत्नी सरिता लुङ्गेली तथा छोरा साइमन लुङ्गेली सम्पर्कविहीन भएका छन् ।

उनीहरू विद्युत् उत्पादन केन्द्रमा कार्यरत रहेका जिल्ला प्रशासन कार्यालय महोत्तरीले जनाएको छ । बुधबार बिहान ८ बजेपछि छोरासँग सम्पर्क नभएको सौभाग्य बिष्टका पिता ध्रुवकुमार बिष्टले बताए ।

**कैलालीका ४० जना सम्पर्कविहीन**

रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि हालसम्म कैलालीका ४० जना सम्पर्कविहीन रहेका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक योगेन्द्र तिमिल्सेनाले जानकारी दिएको छ । बाढी प्रभावित क्षेत्रमा काम, व्यवसाय तथा अन्य सिलसिलामा पुगेका कैलालीका ४० जना नागरिकको हालसम्म परिवार तथा आफन्तसँग सम्पर्क हुन नसकेको प्रहरीको प्रारम्भिक विवरणमा उल्लेख छ ।

सम्पर्कविहीनहरूका सम्बन्धमा थप विवरण संकलन तथा खोजीका लागि सम्बन्धित निकायसँग समन्वय भइरहेको तिमिल्सेनाले बताए । उनका अनुसार रसुवामा आएको बाढीपछि जिल्लाबाट विभिन्न कामका लागि गएका व्यक्तिहरूको अवस्था बुझ्ने क्रम जारी छ । सम्पर्कविहीन भएका व्यक्तिहरूको यकिन विवरण सङ्कलन गरी खोजी तथा उद्धारमा सहजीकरण भइरहेको प्रहरीले जनाएको छ ।

रसुवाको भोटेकोशी नदीमा बुधबार बिहान आकस्मिक आएको बाढीले ठूलो जनधनको क्षति पुऱ्याएको छ । बाढीका कारण रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा मानवीय तथा भौतिक क्षति भएको छ । पछिल्लो विवरणअनुसार बाढीबाट मृत्यु हुनेको संख्या पनि बढिरहेको छ भने अझै सयौं मानिस सम्पर्कविहीन छन् ।

**पर्सा जिल्लाका १६ जना सम्पर्कविहीन**

भोटेकोसी नदीमा आएको बाढीमा परी पर्सा जिल्लाका १६ जना नागरिक सम्पर्कविहीन भएका छन् । मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जारी गरेको प्रेस विज्ञप्तिअनुसार रसुवाका विभिन्न स्थानमा कार्यरत तथा बसोबास गर्दै आएका पर्सा जिल्लाका १६ जना नागरिक हालसम्म सम्पर्कमा नआएको जनाएको छ ।

प्रहरीका अनुसार पर्साबाट नारायण पटेल, सुबोध पटेल, अरुण हजरा, श्यामबाबु ठाकुर, उकेश दंगोल, सञ्जय तामाङ, आकाश तामाङ, कमरुल होदा अंसारी, सुभाष पटेल, समिम देवान, अनुतम बहादुर श्रेष्ठ, अभिषेक बस्तोला, घनश्याम बस्तोला, दिनेश परियार र पृथ्वी चौधरीसहित १६ जना सम्पर्कविहीन छन् ।

**बाँकेका २२ जना सम्पर्कविहीन**

रसुवाको भोटेकोशी नदीमा आएको बाढीका कारण बाँकेका २२ जना नागरिक सम्पर्कविहीन भएका छन् । जिल्ला प्रशासन कार्यालयले आज सार्वजनिक गरेको विवरणअनुसार सम्पर्कविहीन १६ जना बाँकेका स्थायी बासिन्दा हुन् ।

प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङले रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा बाढीले ठूलो जनधनको क्षति पुऱ्याएको भन्दै यहाँका सम्पर्कविहीन नागरिकको फोटोसहितको व्यक्तिगत विवरण तयार गरी खोजी कार्यका लागि सम्बन्धित निकायसँग समन्वय भइरहेको जानकारी दिए । उनका अनुसार सम्पर्कविहीन भएकामध्ये १६ जना बाँकेका स्थायी बासिन्दा, बाँकेमा अस्थायी रूपमा बसोबास गरिरहेका चार जना नेपाली नागरिक तथा दुई जना भारतीय पर्यटक रहेका छन् ।

प्रशासनले सार्वजनिक गरेको विवरणअनुसार सम्पर्कविहीन हुनेमा बाजुराका वीरेन्द्र जोशी र सत्या जोशी, भारतको मुम्बईका सञ्जय पाटिल र नलिनी पाटिल, बर्दियाका विष्णु भण्डारी र हरिकुमार कुश्मी थारू तथा बाँकेको कोहलपुरका सशस्त्र प्रहरी सहायक निरीक्षक भोजराज जोशी, राप्तीसोनारीका सुरेश विक, सेतुनाथ सेढाई, योगमाया पुनमगर र जानकी घर्ती, नेपालगञ्जका शेरसिंह रोकाया, विष्णुमती रोकाया, दीपक रोकाया, अराम दमाईं र उजला दमाईं रहेका छन् ।

त्यसैगरी, बारबर्दियाका मनबहादुर थारु, डुडुवाका सुरजकुमार मोर्य, कोहलपुरका मायादेवी थारू, सुनसरी चौधरी, अनिता चौधरी र सीता थारू पनि सम्पर्कविहीनको सूचीमा छन् । प्रजिअ तामाङले रसुवा क्षेत्रमा रोजगारी, अध्ययन वा भ्रमणका सिलसिलामा गएका अन्य व्यक्ति सम्पर्कविहीन भए स्थानीय प्रहरी, जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित वडामा जानकारी गराउन सबैलाई आग्रह गरे ।

**रोल्पाका १६ व्यक्ति सम्पर्कविहीन**

भोटेकोशीको बाढीमा परी रोल्पाका १६ व्यक्ति सम्पर्कविहीन भएका छन् । सुनिल स्मृति गाउँपालिकाका १० र रुन्टिगढी गाउँपालिकाका ६ गरी १६ व्यक्ति सम्पर्कबिहीन भएका हुन् ।

सुनिल स्मृति गाउँपालिकाका अध्यक्ष मणिराम बुढाथोकीले वडा नं ६ का पाँच जना क्रमशः राजेन्द्र महत, बसन्त महरा, सञ्जय महत, कुमार महरा, रविलाल भण्डारी, यसैगरी, वडा नं ५ का चार जना हरिबहादुर घर्तीमगर, आर्यन घर्ती, सोम बहादुर घर्ती, अनराम पुन र वडा नं ३ का बहादुर पुन भएको जानकारी दिए ।

यसैगरी, रुन्टिगढी गाउँपालिकाका अध्यक्ष जनक पुनले वडा नं ८ का छ जना व्यक्ति क्रमशः गीता बस्नेत, हस्तबहादुर बस्नेत, गोपाल पुन, गोपाल परियार, विकास परियार र ध्रुवबहादुर बुढामगर रहेका छन् ।

जिल्ला प्रशासन कार्यालय रोल्पा र जिल्ला प्रहरी कार्यालय रोल्पाले सूचना प्रकाशित गर्दै जिल्लाका गाउँबाट भोटेकोशी बाढी प्रभावित क्षेत्रमा काम गर्न गएको र सम्पर्कबिहीन भएका छन् भने उक्त व्यक्तिको विवरण तत्काल जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा टिपाउन वा खबर गर्न जानकारी गराएको छ ।

**बागलुङका ९ जना सम्पर्कविहीन**

भोटेकोशीमा आएको बाढीपछि त्यहाँका जलविद्युत् आयोजनामा कार्यरत बागलुङका ९ जना सम्पर्कविहीन भएका छन् । रसुवा र नुवाकोट क्षेत्रमा आएको बाढीका कारण बागलुङको तमानखोला गाउँपालिकाका नौ जना नागरिक सम्पर्कविहीन भएका तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढाले जानकारी दिए ।

माथिल्लो त्रिशूली जलविद्युत आयोजना (अपर त्रिशूली हाइड्रोपावर २१६ मेगावाट, ड्यामसाइड हाकुबेँसी) तथा सोही क्षेत्र आसपासमा कार्यरत नौ जना स्थानीय बाढीपछि सम्पर्कविहीन भएका उनले बताए ।

अध्यक्ष बुढाका अनुसार बाढीपछि तमानखोला-१ का ३७ वर्षीय पदमबहादुर घर्तीमगर, सोही स्थानका ३२ वर्षीय इन्द्रकुमार विक, तमानखोला-१ रिक्लाङ्गका २२ वर्षीय विष्णु घर्तीमगर, तमानखोला-२, बोङ्गाखानीका ३७ वर्षीय भीमबहादुर छन्त्याल, सोही स्थानका ५० वर्षीय खड्क छन्त्याल, तमानखोला-३, तमानका २२ वर्षी सञ्जय शेर्पाली, सोही स्थनका ५० वर्षीय दलप्रसाद बुढा, तमानखोला-४ लाममेलाका ५८ वर्षीय लाता कामी र सोही स्थानका ४७ वर्षीय भीमबहादुर विक सम्पर्कविहीन भएका छन् ।

बागलुङका सहायक प्रमुख जिल्ला अधिकारी नवराज बरालले अहिलेसम्म तमानखोलाबाट ९ जना सम्पर्कविहीन भएका जानकारी आएको बताउँदै अन्य पालिकाबाट पनि विभिन्न काम तथा भ्रमणमा गएका नागरिक हुनसक्ने आशंका गरिएको बताए ।

**सिन्धुपाल्चोकबाट २२४ सम्पर्कविहीन**

भोटेकोशीमा आएको बाढीपछि सिन्धुपाल्चोकका २२४ व्यक्ति सम्पर्कविहीन भएका छन् । जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्माले भोटेकोशी गाउँपालिकाका ६५ बाह्रबिसे नगरपालिकाका ५९, बलेफी गाउँपालिकाका २९, सम्पर्कबिहीन भएको जानकारी दिए ।

त्यसैगरी, जुगलका १६, चौतारा साँगाचोकगढी नगरपालिकाका १४, मेलम्ची नगरपालिकाका १४, सुनकोशी गाउँपालिकाका १४, त्रिपुरासुन्दरी गाउँपालिकाका पाँच, हेलम्बु गाउँपालिकाका चार र लिसङ्खुपाखर गाउँपालिकाका तीन जना पनि सम्पर्कविहीन भएका छन् ।

सिन्धुपाल्चोकबाट कैलाशमान सरोवर जाने विदेशीका गाइड, भरिया, व्यापारी, गोसाइँकुण्ड गएका तीर्थयात्री, हाइड्रोपावरमा काम गर्ने जनशक्ति र रसुवा भन्सार कार्यालय आसपास व्यापारिक काम गर्ने नागरिक सम्पर्कविहीन भएका हुन् ।

**काभ्रेका ५२ जना सम्पर्कविहीन**

रसुवाको भोटेकोशी नदीमा बुधबार बिहान आएको बाढीका कारण त्यस क्षेत्रमा विभिन्न कामका सिलसिलामा रहेका काभ्रेपलाञ्चोकका ५२ जना नागरिक सम्पर्कविहीन भएका छन् । जिल्ला प्रशासन कार्यालयले हालसम्म जिल्लाका ५२ जना सम्पर्कविहीन अवस्थामा रहेका व्यक्तिको नामावलीको सूची सार्वजनिक गरेको हो ।

बुधबार नै एक सूचना जारी गर्दै कार्यालयले बाढी प्रभावित क्षेत्रमा विभिन्न कामका सिलसिलामा रहेका जिल्लाका नागरिकको अवस्था बुझ्न सम्बन्धित परिवारसँग जानकारी गराउन सार्वजनिक अपिल गरेको थियो ।

त्यसक्रममा हालसम्म सम्पर्कमा नआएका व्यक्तिका परिवार तथा आफन्तले आफ्ना मानिस सम्पर्कविहीन भएको जानकारी गराएको प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले बताए । अधिकारीका अनुसार ५२ जना बाहेकका सम्पर्कविहीन अवस्थामा रहेको चार जना सम्पर्कमा आइसकेका छन् । प्रजिअ अधिकारीले भने 'हामी थप 'भेरीफिकेशन' गर्दैछौं, थप कसैको परिवारका सदस्य सम्पर्कविहीन अवस्थामा हुनुहन्छ भने छिट्टै जानकारी गराउन अनुरोधसमेत गरिरहेका छौं ।'

**खोटाङका आठ व्यक्ति सम्पर्कविहीन**

भोटेकोशी बाढीका कारण खोटाङका आठ व्यक्ति सम्पर्कविहीन भएका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार रोजगारी, व्यापार तथा अन्य कामको सिलसिलामा रसुवा तथा आसपासका जिल्लामा रहेको आठ खोटाङवासी सम्पर्कविहीन भएको जनाएको छ ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-३ बाम्राङ निवासी सेनाका लेसनायक पवन खत्री, खाल्लेका सुर्जबहादुर परियार, विजयखर्कका कविन राई, बालकुमार तामाङ, युवराज राई र यसबहादुर राई सम्पर्कविहीन भएका हुन् ।

त्यसैगरी, सोही गाउँपालिका-७ माक्पाका तारानाथ थापा र रावाबेँसी गाउँपालिका-३ लामीडाँडाका पुष्प भट्टराई सम्पर्कविहीन भएका हुन् ।

विभिन्न पेसा/व्यवसायको सिलसिलामा रसुवा र नुवाकोटमा रहेको अवस्थामा भोटेकोशीमा बाढी आएपछि उनीहरू परिवारसँग सम्पर्कविहीन भएको जानकारी आफन्तबाट प्राप्त भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी निराजन बस्नेतले जानकारी दिए ।

**गुल्मीका सात जना सम्पर्कविहीन**

भोटेकोशी नदीमा आएको बाढीका कारण गुल्मीका सात व्यक्ति सम्पर्कविहीन भएका छन् । जिल्ला प्रशासन कार्यालयले सार्वजनिक गरेको सूचनाअनुसार रुरुक्षेत्र गाउँपालिका-५ का अनिता पुरी र मालिकागाउँपालिका-७ का दिनेश घिमिरे रसुवा भन्सार कार्यालयमा कार्यरत रहेकै अवस्थामा बाढीमा परी सम्पर्कविहीन भएका जनाएको हो ।

यसैगरी, रुरुक्षेत्र गाउँपालिका-६ का ३९ यमबहादुर दर्लामी, छत्रकोट गाउँपालिका-४ का गणेश ज्ञवाली, सत्यवती गाउँपालिका-८ धनबहादुर गलामी र रुरुक्षेत्र गाउँपालिका-३ का ५० कपिलमणि ज्ञवाली पनि हालसम्म सम्पर्कविहीन हुनुभएको प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेले जानकारी दिए । उनीहरू चारमध्ये तीनजना जलविद्युत आयोजनामा प्राविधिक र एकजना सुरक्षा गार्डमा कार्यरत रहेको थिए ।

यसैगरी, मानसरोवरको तीर्थयात्राको सिलसिलामा चीनको सीमा क्षेत्र पुगुभएका कालीगण्डकी गाउँपालिका-१ हर्मीचौरका ३७ वर्षीय शिव न्यौपाने पनि बाढीपछि हालसम्म सम्पर्कमा आएका छैनन् ।

**बाजुराका १३ जना सम्पर्कविहीन**

रसुवाको भोटेकोशी नदीमा गएको बाढीपछि हालसम्म बाजुराका १३ जना सम्पर्कविहीन भएका छन् । जिल्लाका विभिन्न स्थानीय तहमा स्थायी ठेगाना भई त्यस क्षेत्रमा रहेका उनीहरू सम्पर्कविहीन भएको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी एवं सहायक प्रमुख जिल्ला अधिकारी लक्ष्मण पुडासैनीले जानकारी दिए । उनका अनुसार हिमाली गाउँपालिकाका १९ वर्षीय दीपक रोकाया, ५० वर्षीया विष्णुमती रोकाया, ३५ वर्षीय आराम नेपाली, ३२ वर्षीय मोहनलाल रोकाया, विक्रम भण्डारी, ५५ वर्षीय बिसी पाण्डे र नेपाली सेनामा कार्यरत ४५ वर्षीय दिपेश सार्की सम्पर्कविहीन छन् ।

यस्तै, स्वामीकार्तिक खापर गाउँपालिकाका ४० वर्षीय मनऋषि सञ्ज्याल, ३८ वर्षीया मनकला सञ्ज्याल, १८ वर्षीया सुस्मिता जोशी, ४६ वर्षीय वीरेन्द्र जैशी, ४४ वर्षीया सत्यादेवी जैशी र जगन्नाथ गाउँपालिकाका २९ वर्षीय मुकेश दमाई हालसम्म सम्पर्कमा नआएको जानकारी प्राप्त भएको सहायक प्रमुख जिल्ला अधिकारी पुडासैनीले बताए ।

विभिन्न कामका लागि त्यस क्षेत्रमा पुगेका उनीहरू अहिलेसम्म पनि सम्पर्कमा नआएपछि आफन्तहरू चिन्तित बनेका छन् भने खोजी कार्यका लागि सबैलाई अनुरोध गरिरहेका छन् ।

**धादिङका ७९ जना सम्पर्कविहीन**

रसुवाको भोटेकोशी नदीमा गएको बाढीपछि धादिङका ७९ जना अझै सम्पर्कविहीन रहेका छन् । सम्पर्कविहीन हुनेमा सबैभन्दा बढी नीलकण्ठ नगरपालिकाका २३ जना रहेका छन् ।

सहायक प्रमुख जिल्ला अधिकारी अनिल पौडेलका अनुसार सम्पर्कविहीन हुनेमा रुबीभ्याली गाउँपालिकाका १३, धुनीबेँसी नगरपालिकाका १०, बेनीघाट रोराङ गाउँपालिकाका आठ, गल्छी गाउँपालिकाका सात तथा थाक्रे र सिद्धलेक गाउँपालिकाका छ-छ जना रहेका छन् ।

त्यस्तै गजुरी गाउँपालिकाका दुई, नेत्रावती डबजोङ गाउँपालिकाका दुई तथा गंगाजमुना र ज्वालामुखी गाउँपालिकाका एक-एक जना सम्पर्कविहीन रहेको सहायक प्रजिअ पौडेलले जानकारी दिए । बुधबार गएको बाढीले धादिङमा पाँच पक्की पुल र १२ झोलुङ्गे पुलमा क्षति पुऱ्याएको छ । जिल्लामा हालसम्म २५ शव फेला परेको छ । तीमध्ये २० शव व्यवस्थापनका लागि पोखरा पठाउने तयारी भइरहेको उनले बताए ।

**जुम्लाका २० जना सम्पर्कमा आए**

जुम्लाको पातारासी गाउँपालिकाबाट रोजगारीका लागि रसुवा पुगेका २० जना सम्पर्कमा आएका छन् । रसुवाको उत्तरी सीमामा बुधबार बिहान भोटेकोशी नदीमा आएको बाढीपछि पातारासीका ७६ जना सम्पर्कविहीन भएका जानकारी प्राप्त भएपछि खोजी कार्य गर्दा अहिलेसम्म २० जना सकुशल रहेको जानकारीसहित सम्पर्कमा आएका गाउँपालिकाका अध्यक्ष पूर्णसिंह बोहोराले जानकारी दिए ।

रसुवामा कामका लागि पुगेका पालिकाभित्रका सबै वडाका स्थानीयको यकिन तथ्याङ्क संकलन गर्दा सबैभन्दा पातारासीको वडा नं ४, ५, ६ का स्थानीय रहेका भन्दै ५६ जना अझै सम्पर्कविहीन रहेका उनले बताए । 'अहिलेसम्म गाउँपालिकाका विभिन्न गाउँका बासिन्दा रोजगारी तथा कामको सिलसिलामा रसुवा पुगेका थिए । बाढी आएपछि स्थानीयसँग सम्पर्क हुन सकेको छैन । अधिकांश जलविद्युत आयोजनामा कार्यरत थिए' उनले भने । सम्पर्कविहीन भएका स्थानीयवासी र हालसम्म सम्पर्कमा आएका स्थानीयको नामावली र ठेगान सूचनामार्फत सार्वजनिक गरिएको गाउँपालिकाका अध्यक्ष बोहोराले जानकारी दिए । जिल्लाको गुठीचौर गाउँपालिका र चन्दननाथ नगरपालिका स्थानीयसमेत उक्त बाढीमा परेका सूचना प्राप्त भएको उनको भनाइ छ ।

# भोटेकोशी बाढी : कुन जिल्लाका कति सम्पर्कविहीन ?

**सप्तरीका २४ जना सम्पर्कविहीन**

रसुवामा बुधबार गएको बाढीका कारण सप्तरीका २४ जना नागरिक सम्पर्कविहीन बनेका छन् । जिल्लाको बोदेबरसाइन नगरपालिका–८ काचनका एकै परिवारका तीन दाजुभाइसहित २४ जना सम्पर्कविहीन भएका परिवार तथा आफन्तले जानकारी दिए ।

तीन छोरा ३५ वर्षीय शिवकुमार यादव, ३१ वर्षीय देवकुमार यादव र २५ वर्षीय सचिन यादवसम्पर्कविहीन भएका बुबा लालबहादुर यादवले जानकारी दिनुभयो । उहाँका अनुसार तीनै जना रसुवास्थित अपर त्रिशूली–१ जलविद्युत् आयोजनामा कार्यरत थिए । उनले भने 'सम्पर्कविहीन भएका तीन जना छोरामध्ये देवकुमार इन्जिनियर, सचित ओभरसियर र शिवकुमार सुपरभाइजरको पदमा कार्यरत थिए । रसुवाम बाढी आएपछि तीनै जना छोराहरूसँग बुधबार बिहानदेखि अहिलेसम्म सम्पर्क हुन सकेको छैन ।'

सुरुंगा नगरपालिका–२ का इन्जिनियर सरोज चौधरी पनि सम्पर्कविहीन रहेका सुरुंगा नगरपालिकाका प्रमुख गीता चौधरीले जानकारी दिइन् । उनीहरू रसुवामा मैलुङ जलविद्युत आयोजनामा कार्यरत थिए ।

त्यसैगरी, कञ्चनपुर नगरपालिकाका अनशा चौधरी, विष्णुपुर गाउँपालिका–१ खुरुरियाका इन्जिनियर अजयकुमार यादव, शम्भुनाथ नगरपालिका–६ कठौनाका सहायक इन्जिनियर ओमप्रकाश चौधरी, शम्भुनाथ नगरपालिका–८ का साजन चौधरी, सोही पालिका वडा नं ४ का प्रेमसागर चौधरी, पिताम्बर दास, शम्भुनाथ नगरपालिका–३ का रमेश चौधरी, दीपेन्द्र चौधरी, खडक नगरपालिकाका अनिलकुमार चौधरी, वडा नं १० का सुरज मण्डल, शिवकुमार पासवान, राज पासवान र हेमनारायण साह, कञ्चनपुर नगरपालिका–३ का अमरकान्त, तिलाठी कोइलाडी गाउँपालिकाका राजीवकुमार सिंहसहित सम्पर्कविहीन रहेको जानकारीमा आएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक विजय कार्कीले जानकारी दिए ।

सम्पर्कविहीन १७ जनाको नाम आइसकेको बताउँदै उनले बाँकीको विवरण आउने क्रम अझै रहेको जानकारी दिए ।

**बाराका १५ जना सम्पर्कविहीन**

रसुवा जिल्लाको भोटेकोशी नदीमा बुधबार बिहान गएको बाढीपछि बाराका १५ जना सम्पर्कविहीन बनेका छन् । बाढीपछि रसुवाको विभिन्न स्थानमा काम तथा अन्य प्रयोजनका लागि पुगेका व्यक्ति परिवार तथा आफन्तको सम्पर्कमा नआएका बाराका सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराईले जानकारी दिए ।

'बाढीका अझ कति सम्पर्कविहीन भएका छन् त्यसको यथार्थ खोजी तथा सूचना संकलन गर्ने काम सुरु गरेका छौं' उनले भने 'विभिन्न स्रोतबाट अहिलेसम्म १५ जना सम्पर्कविहीन भएका भन्ने सूचना सङ्कलन गरिएको छ ।' सूचना संकलन कार्यलाई जारी राखिएको जनाउँदै उनले यो संख्या अझ बढ्न सक्ने अनुमान गरिएको बताए ।

प्राप्त विवरणअनुसार मकवानपुर छतिवन गाउँपालिका–४ नयाँ डुमर स्थायी ठेगाना भई बारामा बस्दै आएका मदन स्याङ्दोला लामा, बाराको परवानीपुर गाउँपालिका–५ बहुअरीका नमनारायण सिंह, कलैया उपमहानगरपालिका–२२ धोधाटोलका सत्यप्रकाश राम र आदर्श कोतवाल गाउँपालिका–१ चिउटाहाका अङ्कित पटेल सम्पर्कविहीन भएका सहायक प्रजिअ भट्टराईले जानकारी दिए ।

सहायक प्रजिअ भट्टराईका अनुसार प्रसौनी गाउँपालिका–३ का जितेन्द्रकुमार दास, कलैया उपमहानगरपालिका–२३ का श्रीनिवास मण्डल, जितपुरसिमरा उपमहानगरपालिका–१६ का रञ्जित श्रेष्ठ, करैयामाई गाउँपालिका–२ का धिरेन्द्र चौधरी, सुवर्ण गाउँपालिका–५ औरैयाका रमेशकुमार साह र सुवर्ण गाउँपालिका–४ हरैयाका रमेशकुमार यादव पनि सम्पर्कविहीन भएका छन् ।

यस्तै निजगढ नगरपालिका–९ शान्तिटोलका राजु बिष्ट, निजगढ नगरपालिका–९ का दिनेश परियार, कलैया उपमहानगरपालिका–६ आदर्शटोलका देवेश भट्टराई, सुवर्ण गाउँपालिका–१ का सुरजकुमार साह र निजगढ नगरपालिका–८ का उत्तम न्यौपाने भोटेकोशी बाढीपछि सम्पर्कविहीन भएका सहायक प्रजिअ भट्टराईले जानकारी दिए ।

सम्पर्कविहीन भएकामध्ये केही रसुवामा, केही भोटेकोशी क्षेत्रमा तथा केही रसुवाका जलविद्युत् आयोजना र अन्य काममा खटिएका थिए । केही व्यक्ति त्रिशूली हाइड्रोपावर तथा रसुवाका विभिन्न आयोजनामा कार्यरत रहेको जानकारी प्राप्त भएको उनले जानकारी दिए ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा स्थानीय वडाध्यक्षमार्फत सम्पर्कविहीनहरूको विवरण संकलन गर्ने कार्य भइरहेको प्रजिअ मिश्रले जानकारी दिए । परिवारजनले सम्पर्कविहीन व्यक्तिको अवस्था तत्काल सार्वजनिक गरी खोजी तथा उद्धारलाई थप प्रभावकारी बनाउन आग्रह पनि गरेका छन् ।

**कास्कीका १४ जना सम्पर्कविहीन**

रसुवाको भोटेकोशी नदीमा बुधबार बिहान आएको बाढीमा कास्कीका १४ जना सम्पर्कविहीन भएका छन् । सम्पर्कविहीन हुनेमा सरकारी कर्मचारीदेखि तीर्थयात्रीसम्म रहेको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिए ।

उनका अनुसार पोखरा महानगरपालिका–१७ का सविना पौडेल, पोखरा–१५ का छमप्रकाश थापा, मनु बुढा, पोखरा–५ का सृष्टि बास्तोला, पोखरा–६ का अभिषेक आचार्य, पोखरा–१२ का लिलाबहादुर थापा, सुमन श्रेष्ठ, पोखरा–१५ का देवीकुमारी गुरुङ, पोखरा–१३ का विनु गुरुङ र पोखरा–१४ का गोविन्दबहादुर अधिकारी रहेका छन् ।

यस्तै सिराहा घर भई हाल पोखरामा बसोबास गर्नुहुने आनन्दकुमार महतो, सिन्धुली घर भई पोखरा बस्दै आएका प्रविन पुर्जा, काठमाडौं घर भई पोखरा बसोबास गर्नुहुने राजेश शर्मा र प्रमिला पाठक बाढीपछि सम्पर्कविहीन भएको भनी उहाँहरूका आफन्तले जानकारी गराएको सहायक प्रजिअ बरालले बताए ।

**मकवानपुरका ७० जना सम्पर्कबाहिर**

रसुवाको भोटेकोशी नदीमा गएको बाढीपछि मकवानपुरका ७० जना सम्पर्कबाहिर रहेका छन् । प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीका अनुसार रसुवासहित बाढी प्रभावित क्षेत्रमा पुगेका जिल्लावासीसँग सम्पर्क हुन नसकेको भन्दै उनीहरूका आफन्तले प्रशासनलाई विवरण टिपाएका हुन् ।

सम्पर्कविहीन भनिएकामध्ये केही व्यक्ति आफन्तको सम्पर्कमा आउन थालेको उनले जानकारी दिए । प्रारम्भिक विवरणअनुसार सम्पर्क हुन नसकेकामध्ये गोसाइँकुण्डलगायत क्षेत्रमा दर्शन तथा भ्रमणका लागि पुगेका, बाढी प्रभावित क्षेत्रमा सवारीसाधन चलाउँदै आएका तथा विभिन्न पेसा–व्यवसायमा संलग्न व्यक्ति छन् ।

प्रभावित क्षेत्रमा सञ्चार सेवा अवरुद्ध भएकाले विवरणमा समावेश सबै व्यक्तिको अवस्था यकिन भइनसकेको प्रजिअ अधिकारीले बताए । मोबाइल फोन बन्द भएको, बाढीले बगाएको वा नेटवर्कमा समस्या आएका कारण पनि परिवारसँग सम्पर्क टुटेको हुनसक्ने उनको भनाइ छ ।

**बर्दियाका ९० जना सम्पर्कविहीन**

रसुवाको भोटेकोशी नदीमा गएको बाढीपछि बर्दियाका ९० जना सम्पर्कविहीन भएका छन् । त्यहाँस्थित जलविद्युत् आयोजना, कन्स्ट्रक्सन कम्पनीलगायतमा कार्यरत रहेका उनीहरू सम्पर्कविहीन भएका हुन् ।

बाढीबाट सम्पर्कविहीन हुनेहरूमा गुलरिया नगरपालिकाका दुई, बाँसगढी नगरपालिकाका १८, राजापुर नगरपालिकाका १६, बारबर्दिया नगरपालिकाका २५, ठाकुरबाबा नगरपालिकाका १३, मधुवन नगरपालिकाका एक, गेरुवा गाउँपालिकाका १४ तथा एक जना पालिका नखुलेका व्यक्ति बाढीपछि सम्पर्कविहीन भएका बर्दियाका प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालले जानकारी दिए ।

सम्पर्कविहीन हुनेहरूमध्ये पावर चाइना हाइड्रोपावर, अपर त्रिशूली हाइड्रोपावर, त्रिशूली हाइड्रोपावर, रसुवागढी कन्स्ट्रक्सन कम्पनी, रसुवा सुरुङमार्गमा कामदारका रूपमा काम गर्न गएका व्यक्तिहरू रहेको जिल्ला प्रशासन कार्यालय बर्दियाका विपद 'फोकल पर्सन' लोकप्रसाद ढकालले बताए ।

ठाकुरबाबा नगरपालिका–२ का धनिराम थारु चाइना हाइड्रोपावरमा एक महिनाअगाडि काम गर्न गएका थिए । यही भदौ ९ गते राति ८:०० बजे परिवारसँग कुराकानी भएको र त्यसपछि सम्पर्क हुन नसकेको उनका ज्वाइँ रामबहादुर थारूले बताए । उनीसँगै ठाकुरबाबा–२ का एक र वडा नं ६ का एक जना गरी ३ जना हाइड्रोपावरमा काम गर्न गएको परिवारले जनाएको छ ।

यसैगरी, राजापुर–९ का प्रदीप थारू रसुवाको हाइड्रोपावर कम्पनीमा गाउँका अन्य चार जनासहित केही महिनाअगाडि काम गर्न गएका थिए । यही भदौ ९ गते आमासँग कुराकानी भएको र बुधबार बाढीपछि सम्पर्क हुन नसकेको उहाँका भिनाजु सन्दीप थारूले जानकारी दिए ।

**कञ्चनपुरका कर्मचारीसहित २४ जना सम्पर्कविहीन**

रसुवामा आएको भोटेकोशी नदीमा आएको भीषण बाढीपछि कञ्चनपुर घर भएका २४ सम्पर्कविहीन भएका छन् । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले बुधबारसाँझ बाढी प्रभावित स्थानमा रहेका हालसम्म सम्पर्कमा नआएका व्यक्तिहरूका सम्बन्धमा खोजी तथा उद्धारका लागि जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालयमा जानकारी गराउन सूचना जारी गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक टेकबहादुर रावतले बाढी प्रभावित क्षेत्रमा रहेका कञ्चनपुरका २४ जनाका आफन्तले प्रहरीका खोजीकार्यका लागि सम्पर्क गरेको बताए । 'प्रभावित क्षेत्रमा कार्यरत सेना, प्रहरी, कर्मचारी र जलविद्युत् आयोजनामा कार्यरत मजदुरका आफन्तहरूले सर्म्पक गरेर खोजीकार्यका लागि आग्रह गरेका छन्' प्रवक्ता रावतले भने 'हामीले सम्पर्कविहीन भएका नागरिकको विवरण सङ्कलन गरेर प्रहरी प्रधान कार्यालय पठाइरहेका छौं ।'

जिप्रका कञ्चनपुरका अनुसार हालसम्म यहाँस्थित भीमदत्त नगरपालिकाका छ जना, बेलौरी नगरपालिकाका तीन जना, कृष्णपुरका पाँच जना, शुक्लाफाँटा नगरपालिकाका सात जना, लालझाडी गाउँपालिकाका एक र बेदकोट नगरपालिकाका दुई जना बाढी प्रभावित क्षेत्र रसुवाबाट सम्पर्कविहीन छन् ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले सूचना जारी गरेपछि डडेल्धुराका एक र बैतडीका दुई जनाका आफन्तले पनि सम्पर्क गरेको जनाएको छ ।

'सम्पर्कविहीन व्यक्तिका आफन्तले दिएको विवरणअनुसार धेरैजसो हाइड्रोमा काम गर्ने मजदुर, नेपाली सेनाका दुई, नेपाल प्रहरीका एक र भन्सार र वन कर्मचारीलगायत छन्' प्रवक्ता रावतले भने 'खोजीमा सहज होस् भनेर हामीले जिल्लामा विवरण संकलन गरेका हौं ।'

रसुवामा आएको बाढीका कारण समस्यामा परेका यहाँका नागरिकको खोज तथा उद्धारका लागि स्थानीय प्रशासनले पनि सक्रियता देखाएको छ । त्यसैगरी, कञ्चनपुरको भीमदत्त नगरपालिका–१३ बडैपुरका नरेश दत्त जोशीका आफन्तले बुधबार बिहानदेखि खोजीका लागि पहल गरिदिन आग्रह गरिरहेका छन् ।

टिमुरे भन्सार कार्यालयमा कार्यरत जोशीका आफन्तले दिएको जानकारी अनुसार उनीसित बुधबार बिहान ७:३० बजे टेलिफोन सम्पर्क भएको थियो । 'टिमुरे भन्सारमा दुई वर्षदेखि कार्यरत हुनुहुन्थ्यो' जोशीका छोरी ज्वाइँ टीका भट्टले भने 'बुधबारदेखि परिवारका सदस्यहरू सम्पर्क हुने आशामा छौं ।'

## राष्ट्रियसभाका अध्यक्षद्वारा सहयोग गर्न आग्रह

**काठमाडौं ।** राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले भोटेकोशी र त्रिशुलीमा आएको बाढीबाट ठूलो मानवीय तथा भौतिक क्षति भएको जनाउँदै उद्धार, राहत र पुनर्स्थापनाका लागि संयुक्त राष्ट्रसंघ र सम्पूर्ण अन्तर्राष्ट्रिय समुदायसँग मानवीय सहयोगका लागि अपिल गरेका छन् ।

कम्बोडियाको फ्नोम पेनमा जारी दोस्रो अन्तर–व्यवस्थापकीय सभामुख/अध्यक्ष सम्मेलन (आइएससी–२) लाई सम्बोधन गर्दै अध्यक्ष दाहालले यही भदौ १० गते नेपालमा आएको अकल्पनीय विनाशकारी बाढीले ठूलो क्षति पुऱ्याएको उल्लेख गरेका हुन् । 'यस सम्मेलनमार्फत संयुक्त राष्ट्रसंघ तथा सम्पूर्ण अन्तर्राष्ट्रिय समुदायसमक्ष उद्धार, राहत र पुनर्स्थापनाका लागि मानवीय सहयोग तथा ऐक्यबद्धताको हार्दिक अपिल गर्दछु' अध्यक्ष दाहालले भने । बाढीमा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै बेपत्ता नागरिकहरूको खोजी र यथाशीघ्र उद्धारका लागि पनि अध्यक्ष दाहालले अपिल गरेको उनको सचिवालयले बताएको छ । उनले नेपालमा आएको पछिल्लो विनाशकारी बाढीको प्रसंग जोड्दै अध्यक्ष दाहालले जलवायु परिवर्तनमा न्यून भूमिका रहेका नेपाललगायत राष्ट्रहरू अरूका कारण सिर्जित संकटमा परिरहेका बताए । उनले जलवायु परिवर्तनबाट प्रभावित र पीडित राष्ट्रहरूका लागि विशेष अन्तर्राष्ट्रिय कोषको व्यवस्था गर्न विश्वका संसद र अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराए । 'जलवायु परिवर्तनमा न्यून भूमिका रहेका नेपाललगायत राष्ट्रहरू अरूको कारणले पीडित छन्' उनले भने 'पीडित राष्ट्रहरूका लागि विशेष कोषको व्यवस्था गर्न म सबै सांसदहरूको ध्यानाकर्षण गराउन चाहन्छु ।'

'शान्ति र साझा समृद्धिका लागि एकताः अन्तर्राष्ट्रिय कानुनको सुदृढीकरण र विवादहरूको शान्तिपूर्ण समाधान' विषयक तीन दिने सम्मेलनको दोस्रो दिन नेपालका तर्फबाट अध्यक्ष दाहालले सम्बोधन गरेका हुन् । सो क्रममा अध्यक्ष दाहालले अहिले विश्व युद्ध, सशस्त्र द्वन्द्व, भूराजनीतिक प्रतिस्पर्धा, जलवायु परिवर्तन र तीव्र गतिमा विकसित हुँदै गएको प्रविधिका कारण शान्ति व्यवस्थापनमा गम्भीर चुनौती थपिएको बताए । उनले दशक लामो सशस्त्र द्वन्द्वबाट गुज्रिएको नेपालले बल प्रयोगबाट नभई संवाद, सहमति र मौलिक शान्ति प्रक्रियामार्फत द्वन्द्वको समाधान गरेको उल्लेख गर्दै सन् २००६ को विस्तृत शान्ति सम्झौताले नयाँ राजनीतिक अध्याय सुरु गरेको बताए । उनले जननिर्वाचित संविधानसभाबाट जारी संविधानले संघीयता, गणतन्त्र, समावेशिता र मौलिक हकलाई संस्थागत गरेको बताए । नेपालको शान्ति प्रक्रिया मौलिक ढंगले सम्पन्न गरिएको उल्लेख गर्दै अध्यक्ष दाहालले भने 'यो सहज र छरितो प्रक्रिया थिएन । तर कठिन परिस्थितिमा पनि विचलित नभई नेपालको शान्ति प्रक्रिया मौलिक ढंगले सम्पन्न गर्न सकेको छ । हामी यसमा गर्व गर्दछौं ।'

## राष्ट्रपतिद्वारा प्रधानमन्त्रीको ध्यानाकर्षण

**काठमाडौं ।** राष्ट्रपति रामचन्द्र पौडेलले रसुवाको भोटेकेशी र त्रिशुली नदीमा आएको लेदोसहितको बाढीले तटीय क्षेत्रमा निम्तिएको विपत्तिमा परेका नागरिकको खोज, उद्धार र राहतको कार्यमा राज्यका सबै संयन्त्र परिचालन गर्न प्रधानमन्त्री बालेन्द्र शाहलाई आग्रह गरेका छन् ।

बुधबार साँझ राष्ट्रपति पौडेलले टेलिफोन मार्फत प्रधानमन्त्री शाहसँग रसुवा बाढी पहिरोबाट भएको जनधनको क्षतिबारे जानकारी लिँदै पीडामा परेका जनताको उद्धार, राहत र खोज कार्यलाई तीव्रता दिन राज्यका सबै अंक परिचालनका लागि आग्रह गरेको राष्ट्रपति पौडेलका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिएका हुन् । त्यही अवसरमा प्रधानमन्त्री शाहले रसुवामा आएको बाढीले पारेको जनधनको क्षतिबारे राष्ट्रपतिलाई जानकारी दिँदै सरकारले नागरिकको सहयोग, उद्धार राहतका लागि राज्यका सबै संयन्त्र परिचालन गरी हर सम्भव सबै सहयोग जुटाउन कुनै कमी नगर्ने जानकारी दिएको समेत प्रेस सल्लाहकार पोखरेलले जानकारी दिए ।

त्यसअघि राष्ट्रपति रामचन्द्र पौडेलले रसुवा, नुवाकोट हुँदै बहने भोटेकोशी नदीमा बुधबार बिहान अकस्मात आएको बाढीबाट भएको धनजनको क्षतिको खबरले आफूलाई अत्यन्त दुःखी बनाएको बताएका थिए । उनले विपदको यस घडीमा उद्धार र राहतको कामलाई तीव्रता दिन सरकार, राजनीतिक दल, सामाजिक संघसंस्था, सुरक्षासहित सम्पूर्ण निकाय र आम नागरिकलाई आह्वान गरेका थिए । उनले तल्लो तटीय क्षेत्रका सर्वसाधारणलाई सतर्क रहँदै आवश्यक समन्वय एवं सहयोगमा जुट्न आग्रह समेत गरे ।

## 'उद्धार–राहतमा खट्दा राजनीति नगरौँ'

**काठमाडौं ।** प्रमुख राजनीतिक दलहरूले भोटेकोशी र त्रिशुली नदीमा आएको बाढीपछि उत्पन्न भएको संकटको घडीमा उद्धार र राहत कार्यलाई राजनीतिक प्रतिस्पर्धाको विषय नबनाउन साझा आह्वान गरेका छन् । बिहीबार बसेको सर्वदलीय बैठकले भदौ १० गतेको उक्त बाढीले रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन र नवलपरासीलगायतका जिल्लामा भएको ठूलो मानवीय र भौतिक क्षतिपछिको राहत र पुनर्स्थापनाका लागि साझा सहमति बनाउन विपदको समयमा गरिने सहयोगलाई सस्तो लोकप्रियता वा राजनीतिक स्वार्थपूर्तिको माध्यम बनाउन नहुनेमा जोड दिएका हुन् ।

सर्वदलीय बैठकपछि जारी संयुक्त वक्तव्यमा उद्धार र राहत कार्यमा खटिँदा राजनीतिक दलका नेता, सदस्य र शुभचिन्तकहरूलाई दलगत पहिचानभन्दा माथि उठेर विशुद्ध मानवीय स्वयंसेवकका रूपमा मात्र सक्रिय हुन आग्रह गरिएको छ । बैठकले आर्थिक संकलनलाई पारदर्शी र व्यवस्थित बनाउन कुनै पनि दल वा व्यक्तिले आफूखुसी रकम संकलन नगर्न र सरकारले तोकेको 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' मा मात्र सहयोग जम्मा गर्न पार्टी पंक्तिलाई निर्देशन दिइएको छ । विपद व्यवस्थापनमा 'एकद्वार प्रणाली' पालना गर्नुपर्ने र राहतको दुरुपयोग गर्नेलाई कडा कानुनी कारबाही हुनुपर्नेमा सबै दल एकमत भएका छन् । साझा प्रतिबद्धतामा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, नेपाली कांग्रेसका सभापति गगन थापा, नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा एमालेका महासचिव शंकर पोखरेल, श्रम संस्कृती पार्टीका ध्रुव राई, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका चन्दन सिंहले हस्ताक्षर गरेका छन् ।

## भोटेकोशीमा भीषण...

भएको स्पष्ट भइसकेको छ। पवित्र तीर्थस्थल गोसाइँकुण्डमा जनैपूर्णिमाको मेला लाग्ने दिन नजिकिएको अनि तीब्बती भूभागमा अवस्थित मानसरोबर जाने नेपाली र भारतीयहरूको मुख्य बाटो समेत यही नाकाबाट भएको हुनाले स्थानीयबाहेक सयौँ स्वदेशी-विदेशी तीर्थयात्री र पर्यटकहरू समेत भीषण बाढीको चपेटामा परेका देखिएको छ।

बाढीमा परेर मृत्यु भएका, बेपत्ता भएका र घाइतेहरूको यकिन संख्या तत्कालै स्पष्ट हुने अवस्था छैन। हालसम्म बाढीका कारण घाइते भएका १२ जनाको जिल्ला अस्पताल, धुन्चेमा उपचार भइरहेको प्रहरीले बताएको छ। भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको यस बाढीमा परेकाहरूको शव रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन, नवलपरासीका नदी तटीय क्षेत्रमा फेला परेका छन्। बाढीको चपेटामा परेकामध्ये १७७ जनाको शव फेला परेको प्रहरी प्रवक्ता (डीआईजी) अविनारायण काफ्लेले जानकारी दिएका छन्। चितवनको नदी तटीय क्षेत्रमा हालसम्म सबैभन्दा धेरै शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालयका एसएसपी राजेन्द्र धमलाले जनाएका छन्। चितवनमा ५२ जनाको शव फेला परेको एसएसपी धमलाले जनाए। अहिलेसम्म बागमती प्रदेशका जिल्लाहरूमा १०६ जनाको शव भेटिएको उनले उल्लेख गरेका छन्। गण्डकी प्रदेशमा पर्ने गोरखा र पूर्वी नवलपरासीमा पनि नदी तटमा भेटिएका शवको पहिचान गर्ने प्रयास प्रहरीले गरिरहेको उनले जानकारी दिए। एसएसपी धमलाका अनुसार बाढीको केन्द्रबिन्दु रसुवामा १६ जना तथा नुवाकोटमा १७ जना र धादिङमा २१ जनाको शव भेटिएको छ।

गम्भीर घाइते भएका दुई जनालाई उपचारार्थ हेलिकप्टरमार्फत काठमाडौं पठाइएको र सम्पर्कविहीन भएका तथा हराइरहेकाहरूको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय रसुवाले जनाएको छ। बाढीका कारण रसुवागढी नाकास्थित नेपाल-चीन सीमा क्षेत्रका बजार र बस्तीमा ठूलो क्षति भएको र विशेष गरी गोसाइँकुण्ड गाउँपालिका- २ स्थित टिमुरे र घट्टेखोला बजार बढी नै प्रभावित भएको प्रहरीले जनाएको छ। बाढीका कारण टिमुरे बजार क्षेत्रका करिव १०७ घर र घट्टेखोलामा ५० घर पूर्ण रूपमा क्षति भएको अहिलेसम्म प्राप्त विवरण सार्वजनिक भएको छ। बाढीबाट रसुवागढीस्थित पालिका भवन, प्रहरी चौकी, भन्सार कार्यालय, सुख्खा बन्दरगाह र जलविद्युत्गृह सहितमा ठूलो जनधनको क्षति पुगेको छ।

भोटेकोशी बाढीबाट रसुवागढी जलविद्युत् आयोजना पूर्ण रूपले प्रभावित भएको र चिलिमे जलविद्युत् आयोजनाको प्रवेशद्वार नै थुनिएकाले राष्ट्रिय प्रसारणलाइनमा गम्भीर प्रभाव परेको छ। बाढीले स्याप्रुबेंसीदेखि रसुवागढीसम्मको १८ किलोमिटर सडक बगाउनुका साथै दुईवटा विद्युत्गृहको पहुँचमार्गमा रहेका दुई पुलसहित त्रिशूली-रसुवागढी सडकमार्गमा रहेको दुईवटा पक्की पुल समेत बगाएको जानकारी रसुवा जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक अशोक थापाले दिएका छन्। बाढीबाट उत्तरगया गाउँपालिकाको वडा नम्बर ४ र ५ स्थित नदी तटीय क्षेत्रका बजार र बस्ती नराम्ररी प्रभावित भएको जानकारी दिँदै बेत्रावती बजारमा पनि ठूलो क्षति पुगेको उनले जनाएका छन्।

अहिलेसम्म धादिङमा २७, नुवाकोटमा १२, रसुवामा २, गोरखामा २०, नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा २६, तनहुँमा ९, चितवनमा ६४ र नवलपरासी ( बर्दघाट सुस्तापश्चिम) मा ५ शव फेला परेको राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले बताएको छ। बाढीमा परी रसुवमा ४३, धादिङमा ३ र नुवाकोटमा २७ जना जना घाइते भएको प्राधिकरणले जनाएको छ। बाढीमा परी अहिलेसम्म नेपाल प्रहरीका २८, नेपाली सेनाका ४४, सशस्त्र प्रहरी बलका १३ कर्मचारीसहित ८ सय ६० जना सुरक्षाकर्मी सम्पर्कविहीन बनेका तथ्यांक सार्वजनिक भएको छ। यस्तै, नेपाल विद्युत् प्राधिकरण तथा जलविद्युत् आयोजनाका १ सय ९६ कर्मचारीसहित ५ सय ७९ स्वदेशी तथा विदेशी पर्यटक बाढीपछि सम्पर्कविहीन छन्।

बाढी प्रभावित क्षेत्रबाट अहिलेसम्म हेलिकप्टरमार्फत २ सय ३९ जनाको उद्धार गरिएको छ। नेपाली सेनाको हेलिकप्टरमार्फत २ सय ११ जना र निजी क्षेत्रको हेलिकप्टरमार्फत २८ जनाको उद्धार गरिएको प्राधिकरणले जनाएको छ। रसुवाको टिमुरेबाट उद्धार गरिएका १ सय २३ जनामध्ये ९४ नेपाली र २९ विदेशी नागरिक छन्। बुधबार बिहानैदेखि सुरु भएको खोज तथा उद्धार कार्य बिहीबार अबेर यो समाचार तयार पारिरहँदासम्म निरन्तर चलिरहेको प्राधिकरणले जनाएको छ। खोज तथा उद्धारमा ७ हजार ४ सय १५ जना सुरक्षाकर्मी परिचालित छन्। नेपाल प्रहरीका ३ हजार ३ सय १८, नेपाली सेनाका २ हजार ३ सय ५५ र सशस्त्र प्रहरी बलका १ हजार ७ सय ४२ सुरक्षाकर्मी खोज तथा उद्धारमा खटिएको प्राधिकरणले जनाएको छ। बाढीबाट ३५ मोटरेबल पुल, ४५ झोलुंगे पुल र ४० किलोमिटर पक्की सडक क्षतिग्रस्त भएको प्रारम्भिक विवरण प्राप्त भएको छ। मानवीय तथा भौतिक क्षतिको विवरण संकलन जारी रहेको समेत प्राधिकरणले जनाएको छ।

नेपाल-चीन सीमाना (रसुवागढी नाकाबाट करिव २० किलोमिटर उत्तरपूर्व) मा खसेको हिमचट्टान र पहिरोका कारण नै तिब्बतको ह्लेन्दे खोलामा गेग्ग्रानसहितको ठूलो बाढी आएको अनुमान तथ्यनजिक भएको विश्लेषण हुँदैछ। तिब्बततर्फबाट भोटेकोशी नदी हुँदै आएको उक्त बाढी रसुवागढी, टिमुरे र स्याफ्रुबेंसी भएर त्रिशूली नदीमा प्रवेश गर्दा रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवनका नदी तटीय क्षेत्रमा गम्भीर क्षति पुऱ्याएको हो। घाइतेहरूको उपचारार्थ नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय ट्रमा सेन्टर, वीर अस्पताल र त्रिवि शिक्षण अस्पतालका चिकित्सकसहितका टोलीलाई नुवाकोट जिल्ला अस्पतालमै खटाइएको छ।

प्रभावित क्षेत्रका बाढीपीडितहरूका निम्ति नेपाली सेनाको नजिकैको ब्यारेकमा तत्कालका लागि अस्थायी बसोबास, खाने कुरा, खानेपानी र औषधिको प्रबन्ध गरिएको प्राधिकरणले जनाएको छ। घाइतेहरूको तत्काल उद्धार तथा उपचार, सम्पर्कविहीन नागरिकको खोजतलास, प्रभावितको सुरक्षा र राहत वितरण, क्षतिको विस्तृत विवरण संकलन, अवरुद्ध भौतिक पूर्वाधार (सडक, पुल, जलविद्युत, सञ्चार, खानेपानी) को प्राथमिकताका आधारमा पुनर्निर्माण र विस्थापित परिवारको सुरक्षित स्थानमा पुनर्स्थापना अबको मुख्य प्राथमिकतामा रहेको प्राधिकरणले जनाएको छ।

## कर्णालीका १३४...

कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक सन्तोष सिंह राठौरले जानकारी दिएका हुन्।

प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक सिंहले सम्पर्कविहीन हुनेमा १०८ जना पुरुष, १७ जना महिला, ६ जना बालक र ३ जना बालिका रहेको समेत जनाए। उक्त बाढीमा सम्पर्कविहीनमध्ये जुम्लाका ३१, हुम्लाका १२, डोल्पाका २, मुगुका १२, कालिकोटका ५, सुर्खेतका ११, दैलेखका ५ तथा जाजरकोटका ३ जनासहित रुकुम पश्चिमका ४ जना रहेको पनि प्रहरीले बताएको छ। परिवार तथा आफन्तले सम्बन्धित जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालयमा सम्पर्कविहीन बनेका व्यक्तिको बारे खोजीकार्य गरिदिन आग्रह सहित नाम टिपाएका छन्।

यसैगरी कर्णालीका मुख्यमन्त्री मंगलबहादुर शाहीले विपदको उक्त घटनामा कर्णालीका नागरिक समेत प्रभावित भई केही व्यक्ति सम्पर्कविहीन भएको जानकारी प्राप्त भएको प्रति कर्णाली प्रदेश सरकार गम्भीर र दुःखी भएको बताए। 'सम्पर्क विहीन कर्णालीबासी नागरिकहरूको तत्काल खोज तथा उद्धारका लागि सम्बन्धित निकायसँग प्रभावकारी समन्वय गरी आवश्यक पहल भइरहेको जानकारी गराउँदछु' मुख्यमन्त्री शाहीले भने।

**सूचनाको हक : नागरिकको मौलिक अधिकार !**

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान-प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

सडक हामी सवैको साझा सम्पत्ति हो। सडक निर्माणमा तपाईं-हाम्रो ठूलो धनराशि खर्च भएको हुन्छ। त्यसैले सडकको संरक्षण एवं सम्वर्द्धन गर्नु हामी सवैको दायित्व हो। निर्माण भइसकेको सडकका विभिन्न खण्डमा अनधिकृत रूपमा सडक सीमा अतिक्रमण गरी घर-टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, सडकमा निर्माण सामग्री थुपार्ने, सवारी साधन धुने-पखाल्ने, पार्किङ गर्ने, सडकको नाला पुरी बाटो बनाउने तथा नालीमा ढल मिसाउने एवं फोहोरमैला फाल्नेजस्ता कार्यले वातावरणमा समेत प्रतिकूल असर पर्न जाने हुनाले उपरोक्त कुनै पनि क्रियाकलाप नगर्नु-नगराउनुहुन सम्बन्धित सवैसँग यो डिभिजन कार्यालय हार्दिक अनुरोध गर्दछ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
**सडक डिभिजन**
ललितपुर, नेपाल

प्रकाशक: **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं